बैठक संख्या -८७

आज मिति २०८०।०९।२६ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | बुटी तामाङ |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ८७ मितिः २०८०।०९।२६

निर्णयहरूः

१. कार्यपालिकाबाट विगतमा भएका निर्णयहरुको समीक्षा गरियो । विगतका निर्णयहरुको कार्यान्वयनका क्रममा देखिएका समस्याहरु सम्बन्धित सरोकारवालाहरुबाट समाधानका प्रयास गर्ने र कामकारबाहीलाई थप प्रभावकारी बनाउने ।

२. आ.व. २०७९।०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) गर्दा प्राप्त भएको अंक ७०(सत्तरी) स्वीकृत गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने ।

३. आ.व. २०७९।८० को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRAA) नतिजामाथि छलफल गर्दा गत आ.व.मा सम्पादन गर्ने छुट भएका सूचक तथा विषयहरुमा यस वर्ष कार्यसम्पादन गर्ने ।

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८०।०७।१५ मा प्राप्त २२ बुँदे सुझाव लगायत विभिन्न मितिमा प्राप्त सुझावहरुउपर छलफल भयो र संस्थागत सुशासन अभिवृद्धि गर्दै उक्त सुझावहरु कार्यान्वयन गर्ने ।

५. आ.व. २०८१।८२ को आय व्यय प्रक्षेपणको लागि राजश्व परामर्श समिति र बजेट तथा स्रोत अनुमान समितिले पेश गरेको प्रक्षेपण सम्बन्धित निकायमा पेश गर्ने।

६. गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति तपशिल बमोजिमको रहने गरी गठन गर्नेः

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| घ) सामाजिक विकास समिति संयोजक | सदस्य |
| ङ) आर्थिक विकास समिति संयोजक | सदस्य |
| च) वन वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| छ) संस्थागत विकास तथा सुशासन समिति संयोजक | सदस्य |
| ज) योजना शाखा प्रमुख | सदस्य सचिव |

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत